नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

# जिल्ला विपद् व्यवस्थापन समिति, रसुवा

## District Disaster Management Committee, Rasuwa(DDMC)

बैठक संख्या:- ०४ (०७७/७८), बैठक मिति:- २०७८।०२।३१ गते, स्थान:- जिल्ला प्रशासन कार्यालय, रसुवा।

आज मिति २०७८।०२।३१ गते प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष श्री ईश्वरी प्रसाद ढकालज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक बसी निम्नानुसारका निर्णय गरियो।

### उपस्थितिः

| | | | |
|---|---|---|---|
| श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | अध्यक्ष |
| श्री | प्रतिनिधि | जिल्ला समन्वय समिति, रसुवा | सदस्य |
| श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष, गाउँपालिका | गोसाईकुण्ड गाउँपालिका | सदस्य |
| श्री मीना अर्याल | जिल्ला समन्वय अधिकारी | जि.स.स.को कार्यालय | सदस्य |
| श्री बसन्त चालिसे | स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री नरेश के.सी. | प्रमुख सेनानी | श्री विष्णु दल गण, ब्राबल ब्यारेक,धुन्चे | सदस्य |
| श्री देवेन्द्र पाण्डे | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री लभ कुमार सापकोटा | सशस्त्र प्रहरी नायव उपरीक्षक | स.प्र.बल नेपाल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री विश्वराज मराठेनी, | | जि.आ.का.ई.(जिमाली) | सदस्य |
| श्री विपिन शाह, इञ्जीनियर | | जि.आ.का.ई.(भवन) | सदस्य |
| श्री विष्णु बहादुर लो, सब-इञ्जीनियर | | जलस्रोत तथा सिंचाई स.डि.का. | सदस्य |
| श्री बद्री प्रकाश ढुङ्गाना, रेन्जर | | डिभिजन वन कार्यालय, रसुवा | सदस्य |
| श्री भुवनराज के.सी. | कार्यालय प्रमुख | रसुवा अस्पताल, धुन्चे | सदस्य |
| श्री दीपरमण अधिकारी, शा.प्रमुख | | ने.वि.प्रा., धुन्चे वितरण केन्द्र | सदस्य |
| श्री नर बहादुर [illegible] | कार्यालय प्रमुख | नेपाल टेलिकम | सदस्य |
| श्री बाबुलाल तामाङ | अध्यक्ष, | नागरिक समाज, रसुवा | सदस्य |
| श्री अनु आचार्य | प्रतिनिधि | नेपाल पत्रकार महासंघ | सदस्य |
| श्री | प्रतिनिधि | नेपाल पत्राकार महासंघ, जि.का.स. रसुवा | सदस्य |
| श्री सुप्साङ तमाङ | अध्यक्ष, | उद्योग वाणिज्य महासंघ, रसुवा | सदस्य |
| श्री दुर्गा थापा के.सी. | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | सदस्य-सचिव |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**निर्णयहरु:**

१. हरेक वर्षको वर्षातमा संरचनाहरु भत्किने वग्ने आदी कारणले ठूलो जनधनको क्षति हुने विगतको अनुभवलाई आधार मानी यस वर्षको मनसुन सुरु हुनु अगावै मिति २०७८।०२।१२ देखि २०७८।०२।१५ गतेसम्म परेको अविरल वर्षातका कारण जोखिममा परेको तथा खेतीयोग्य जमिन पिडित स्वंय एंव स्थानीय तहबाट सिफारिस माग भएका संरचना सडक खेतीयोग्य जमिन संरक्षणको लागि जलस्रोत तथा सिचाई विकास सव डिभिजन कार्यालय धुन्चेसँग भएको छलफलमा समेत निर्देशन भएमा समयमै सम्पन्न गर्न सकिने जानकारी आएकोले सिफारिस भै आएका निम्नानुसारका कार्यहरु शीघ्र सम्पन्न गर्न निर्देशन दिने।

**तपशिल:**

| क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | गुहे खोला संरक्षण कालिका-२ धैबुङकोट | करिब १०० घरधुरी र सडक संरक्षित हुने |
| २ | हिमालय उच्च मा.वि. छात्रबास संरक्षण कार्य | जिल्लाकै अब्बल विद्यालय र छात्रवास जोगिने |
| ३ | पैयुँ खोला पहिलो बस्ती संरक्षण कार्य | करिब १० घरधुरी जोखिममा रहेका, पासाङल्हामु राजमार्ग समेत जोखिममा |
| ४ | अम्बास करंगे बस्ती संरक्षण कार्य | कार्य करिब २० घरधुरी, सडक र २० रोपनी जती धनहर खेत जोगिने |
| ५ | उत्तरगया गा.पा.तटबन्धन रसुवा अम्बापानी | ग्रामीण सडक र धनहरखेत संरक्षण हुने |
| ६ | आरुखर्क पहिरो व्यवस्थापन कार्य, नौकुण्ड-१ | ग्रामीण सडक करिब ३० घरधुरी जोखिममा रहेको |
| ७ | कोलेखोला पहिरो नियन्त्रण कार्य कालिका-४ माथिल्लो रुप्सेपी | ति बस्तीका २० घरधुरी जोखिममा रहेको, सिंचाई कुलोको Aqueduct ढल्ने अवस्थामा रहेको |
| ८ | आलिचो पहिरो नियन्त्रण कार्य, नौकुण्ड-१ आरुखर्क | ग्रामीण सडक, करिब २० घरधुरी जोखिममा रहेको |

२. असहज अवस्थामा विद्युत र सञ्चार अवरुद्ध हुँदा व्यवस्थापकीय कार्यमा अवरोध भै समयमा नै उद्धार गर्न नसकिएको विगत अनुभवलाई आधार मानी वर्षातको समयमा मनसुन शुरु हुनु अगावै विद्युत र संचार अवरुद्ध नहुने स्थिती तयार गर्नु विद्युत र टेलिकम कार्यालयलाई निर्देशन दिने, स्रोत, साधन उपकरण र जनशक्ति चालु अवस्थामा राख्न लगाउने।

३. नेपाल भित्रिने मनसुनका कारण हुनसक्ने बाढी, पहिरो तथा डुवानजस्ता प्रकोपका कारण हुनसक्ने सम्भावित विपद् तथा सडक अवरोधलाई तत्काल हटाई सुचारु गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहहरुसँग समेत समन्वय गर्ने गरी देहाय बमोजिमको सडकखण्डको जिम्मेवारी निम्न निकायहरुलाई तोक्ने। जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार थप सडकखण्डको अवरोध हटाउनको लागि समेत अनुरोध गर्नसक्ने।

**निम्न:**

| क्र.सं. | सडकखण्ड | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | बेत्रावती-मैलुङ-स्याफ्रुवेशी सडकखण्ड र शान्तिबजार डाँडागाउँ-ठूलोगाउँ सडकखण्ड | ▪ उत्तरगया गाउँपालिका<br>▪ गल्छी-त्रिशुली-बेत्रावती-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक योजना कार्यालय | ▪ त्रिशुली ३ए जलविद्युत आयोजना<br>▪ माथिल्लो मैलुङ जलविद्युत आयोजना<br>▪ त्रिशुली ३बि जलविद्युत आयोजना<br>▪ माथिल्लो त्रिशुली-१ (२१६ मे.वा.) जलविद्युत आयोजना |
| २ | बेत्रावती-कालिका-राम्चे-ठाँडे सडकखण्ड | ▪ उत्तरगया गाउँपालिका<br>▪ कालिका गाउँपालिका | ▪ डिभिजन सडक कार्यालय, नुवाकोट |
| ३ | ठाँडे-धुन्चे-स्याफ्रुवेशी- | ▪ गोसाईकुण्ड गाउँपालिका | ▪ चिलिमे जलविद्युत कम्पनी |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्र.सं. | सडकखण्ड | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| | रसुवागढी सडकखण्ड | ▪ आमाछोदिङमो गाउँपालिका | ▪ रसुवा-भोटेकोशी जलविद्युत आयोजना<br>▪ लाङटाङ खोला जलविद्युत आयोजना<br>▪ रसुवागढी जलविद्युत आयोजना |
| ४ | बेत्रावती-भोर्ले-पार्च्याङ-यार्सा सडकखण्ड | ▪ नौकुण्ड गाउँपालिका | ▪ सम्बन्धित गाउँपालिकाहरुले जलविद्युत आयोजनासँग समन्वय गर्ने<br>▪ सम्बन्धित प्रदेशको पूर्वाधार विकास कार्यालय (रसुवा जिल्ला हेर्ने) |
| ५ | स्याफ्रुवेशी-गत्लाङ-मानचेत सडकखण्ड | ▪ गोसाईकुण्ड गाउँपालिका<br>▪ आमाछोदिङमो गाउँपालिका | ▪ साञ्जेन जलविद्युत आयोजना<br>▪ चिलिमे जलविद्युत कम्पनी<br>▪ सोमदाङ खोला जलविद्युत आयोजना |
| ६ | रुँगा-चिलिमे-थाम्बुचेत सडकखण्ड | ▪ आमाछोदिङमो गाउँपालिका | ▪ साञ्जेन खोला(सालासुङ्गी) जलविद्युत आयोजना<br>▪ साञ्जेन जलविद्युत आयोजना<br>▪ लाङटाङ-भोटेकोशी जलविद्युत आयोजना |

४. वर्षातको अवधिमा खाद्यान्न अभाव नहुने वातावरण सुनिश्चित गर्नका लागि दैनिक उपभोग्य सामग्रीको मौज्दात भण्डार गर्न रसुवा उद्योग वाणिज्य संघ र रसुवा चेम्बर अफ कमर्शलाई अनुरोध गर्ने।

५. जिल्लाका सबै स्थानीय तहहरुले आ-आफ्नो गाउँपालिकामा गठित स्थानीय विपद् व्यवस्थापन समितिको सक्रियता बढाउने, बैठक र अन्तरक्रिया आयोजना गर्ने, स्थानीय गाउँपालिकास्तरमा खोज तथा उद्धार सामग्रीहरु भण्डारण घर (Ware House) स्थापना गर्ने, प्रत्येक वडास्तरमा ५/५ जनाको खोज तथा उद्धार (SAR) युवा समूह निर्माण गरी प्रशिक्षकको प्रभावकारी व्यवस्था मिलाउने, प्राथमिक उपचार सीप सिकाई आवश्यक जनशक्ति तयार गर्ने र विपद् राहत कोष निर्माण सञ्चालन र परिचालन गर्ने जोखिम बस्तीको पहिचान गर्न र स्थानान्तरणका लागि योजना बनाउने।

६. विगत वर्षहरुमा झै मनसुनबाट प्रभावित सडक क्षेत्रमा हुने अवरोध, मर्मत, निर्माण जस्ता कार्यहरु गर्न प्रयोग हुने उपकरणहरुको लागि स्थायी रुपमा Fuel Bank स्थापना गर्ने । यसको सहजीकरण, समन्वयका लागि निम्न निकायहरुलाई तोक्ने।

**निम्नः**

| | |
|---|---|
| ▪ जिल्ला समन्वय समिति | संयोजक |
| ▪ जिल्लास्थित ५ वटै गाउँपालिका | सदस्य |
| ▪ उद्योग वाणिज्य संघ रसुवा | सदस्य |
| ▪ पासाङ ल्हामु यातायात प्रा.लि. | सदस्य |
| ▪ केरुङ यातायात प्रा.लि. | सदस्य |
| ▪ टिमुरे यातायात प्रा.लि. | सदस्य |
| ▪ मिनी गोसाईकुण्ड यातायात प्रा.लि. | सदस्य |
| ▪ पर्यटकको सहजताका लागि सञ्चालित टाटासुमो, स्कोर्पियो सेवाहरु | सदस्य |

७. टेण्डर भैसकेको कालिकादेखि स्याफ्रुवेशीसम्मको सडक निर्माण कार्यलाई अविलम्ब सम्पन्न गर्न डिभिजन सडक, नुवाकोटलाई निर्देशन दिने।